जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४६ • २०८३ साल आषाढ २१ गते आइतबार (5 July, Sunday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## सरकारको सय दिन: वैदेशिक रोजगारीका लागि मुलुकहरुसंग सम्झौता

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले एक सय दिने उपलब्धी सार्वजनिक गरेको छ । जसमध्ये वैदेशि रोजगारीका लागि विभिन्न मुलुकसंग भएको सम्झौतालाई पनि लिइएको छ । जबकी युवालाई स्वदेशमै रोजगार दिने दाबी गर्दै आएको बालेन सरकारले बढ्दो विदेश पलायनलाई रोक्न नसकिने स्वीकार्दै वैदेशिक रोजगारीलाई प्राथमिकतामा राखेको छ ।

युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव दिपक काफ्लेले युवाको बढ्दो विदेश पलायनबारे बोल्दै यसलाई रोक्न नसकिने तर व्यवस्थित गर्ने क्षेत्रमा काम गरिरहेको जानकारी दिए ।

सचिव काफ्लेले विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्दै मुलुकमै रोजगारी सिर्जना गर्ने विषय अन्तर-निकायगत समन्वयकारी कार्य भएको बताए ।

सचिव काफ्लेले युवालाई सशक्तीकरण गर्न र राष्ट्रिय विकासमा उनीहरूको सहभागिता सुनिश्चित गर्न नयाँ राष्ट्रिय युवा ऐन ल्याउने तयारी भइरहेको बताए । यसका लागि युवा विभाग गठन गरी उनीहरूको सर्वांगीण विकास गर्ने र मुलुकको समग्र विकासमा युवाको सहभागिता सुनिश्चित गर्ने गरी काम भइरहेको उनको भनाइ छ ।

त्यस्तै दोस्रो, मुलुकभित्रको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउन आवश्यक प्रबन्ध गर्ने उनले बताए । सचिव काफ्लेले औपचारिक शिक्षा दिने मन्त्रालय र विश्वविद्यालयहरूले काम अघि बढेको बताए ।

वैदेशिक रोजगारीलाई पूर्णतः रोक्न नसकिए पनि यसलाई अत्यन्त व्यवस्थित बनाएर जाने योजना रहेको बताए । उनले भने, 'थप १६ वटा मुलुकसँग श्रम सम्झौता गर्न परराष्ट्र मन्त्रालयमार्फत परिपत्र गरेका छौं र त्यसमा थप काम भइरहेको छ ।'

यस साथै, उनले गन्तव्य मुलुकमा राम्रो रोजगारीको पहिचान गर्ने, राष्ट्रिय रोजगार प्रवर्द्धन दशक मार्फत यसलाई मूलप्रवाहीकरण गर्ने, वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने तथा श्रमिकको क्षमता विकास गरी युवालाई परिचालन गर्ने जस्ता बहुआयामिक काम भइरहेको सचिव काफ्लेले बताए ।

### मधेश प्रदेश सरकारको निर्णय

# स्वकीय सचिवहरूको तलब विवाद अन्त्य, वितरण प्रक्रिया शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले लामो समयदेखि रोकिएको प्रदेशसभा सदस्यहरूका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूको तलब तथा सेवा सुविधा एकमुष्ट रूपमा वितरण गर्ने निर्णय गरेको छ । गत कार्तिक महिनादेखि विभिन्न प्रशासनिक तथा नीतिगत कारणले रोकिएको तलब अब मन्त्रिपरिषद्को निर्णयपछि वितरण गरिने भएको छ । यस निर्णयले लामो समयदेखि पारिश्रमिक नपाएका स्वकीय सचिवहरूलाई राहत मिल्ने अपेक्षा गरिएको छ ।

मधेश प्रदेश सरकारका अनुसार गएको जेठ २६ गते बसेको मन्त्रिपरिषद् बैठकले हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधा प्रचलित कानुनअनुसार उपलब्ध गराउने निर्णय गरेको छ । यसका साथै, मुख्यमन्त्री, मन्त्री तथा प्रदेशसभा पदाधिकारी र सदस्यहरूको निजी वा स्वकीय सचिवालयको संगठनात्मक संरचना, कर्मचारी संख्या तथा सेवा-सुविधाको पुनरावलोकन गर्न अध्ययन समिति गठन गर्ने निर्णय पनि बैठकले गरेको छ ।

निर्णयअनुसार चालु आर्थिक वर्षका लागि मुख्यमन्त्री तथा मन्त्रीहरूको निजी सचिवालयका कर्मचारीहरूले 'मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५' को दफा ११ बमोजिम सेवा-सुविधा प्राप्त गर्नेछन् । त्यस्तै, प्रदेशसभा पदाधिकारी तथा सदस्यहरूको निजी वा स्वकीय सचिवालयका कर्मचारीहरूको सुविधा 'प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५' को दफा ८ अनुसार उपलब्ध गराइनेछ । यसले लामो समयदेखि रोकिएको तलब वितरणका लागि कानुनी आधार स्पष्ट भएको सरकारको भनाइ छ ।



प्रदेशसभा सचिवालयका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक पत्राचार भइसकेको छ । सचिवालयले अहिले बाँकी तलबको हिसाब-किताब गर्ने काम गरिरहेको जनाएको छ । प्रदेशसभा सचिवका अनुसार असार २५ गतेभित्र सबै स्वकीय सचिवहरूको तलब वितरण गरिसक्ने तयारी गरिएको छ । हाल ९१ जना प्रदेशसभा सदस्य, संसदीय दलका नेता तथा प्रमुख सचेतकहरूको सचिवालयमा कार्यरत कर्मचारीहरूको तलब बाँकी रहेको बताइएको छ ।

मधेश प्रदेश सरकारले मुख्यमन्त्री, मन्त्री तथा प्रदेशसभा पदाधिकारी र सदस्यहरूको निजी सचिवालयमा कार्यरत कर्मचारीहरूको पारिश्रमिक, सेवा सुविधा र संगठन संरचनाको पुनरावलोकन गर्ने निर्णय गरेको थियो ।

यता प्रदेश सभाका सचिवले मुख्यमन्त्री कार्यालयबाट पत्राचार भइसकेको छ, हिसाब गर्दैछु असार मसान्तसम्म सबै स्वकीय सचिवहरूको तलब वितरण गरिसक्ने जनाएको छ ।

स्वकीय सचिवहरूको तलब लामो समयदेखि रोकिनुको मुख्य कारण संघीय सरकारबाट जारी भएको परिपत्र थियो । संघीय अर्थ मन्त्रालयले गत असोज ७ गते मन्त्रीबाहेक सांसद तथा अन्य राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय गर्दै सबै प्रदेश सरकारलाई परिपत्र पठाएको थियो । त्यसपछि मधेश प्रदेशमा पनि स्वकीय सचिवहरूको तलब तथा अन्य सुविधा वितरण रोकिएको थियो । यस निर्णयले स्वकीय सचिवहरू आर्थिक रूपमा प्रभावित भएका थिए भने प्रदेश सरकारमाथि पनि तलब उपलब्ध गराउन विभिन्न पक्षबाट दबाब बढ्दै गएको थियो ।

यसैबीच, प्रदेश सरकारले हालको व्यवस्थालाई कानुनअनुसार कार्यान्वयन गर्दै भविष्यका लागि दीर्घकालीन समाधान खोज्ने उद्देश्यले अध्ययन समिति गठन गरेको छ । समितिले मुख्यमन्त्री, मन्त्री, प्रदेशसभा पदाधिकारी तथा सदस्यहरूको निजी सचिवालयको आवश्यकता, कर्मचारी संख्या, सेवा-सुविधा र संगठनात्मक संरचनाको अध्ययन गरी आवश्यक संशोधनका लागि सुझाव दिनेछ । समितिको प्रतिवेदनका आधारमा आगामी दिनमा स्वकीय सचिवालयको संरचना र सुविधा व्यवस्थामा परिवर्तन हुन सक्ने अनुमान गरिएको छ ।

सरकारको पछिल्लो निर्णयलाई प्रदेशसभा सदस्य, स्वकीय सचिव तथा कर्मचारीहरूले सकारात्मक रूपमा लिएका छन् । लामो समयदेखि रोकिएको तलब एकमुष्ट रूपमा वितरण हुने भएपछि आर्थिक समस्यामा परेका कर्मचारीहरूलाई राहत पुग्ने विश्वास गरिएको छ । यसका साथै, अध्ययन समितिको प्रतिवेदनपछि स्वकीय सचिवालयको व्यवस्थापनलाई अझ स्पष्ट, व्यवस्थित र कानुनसम्मत बनाउने अपेक्षा गरिएको छ । यस निर्णयले तत्कालका लागि रोकिएको पारिश्रमिक वितरणको समस्या समाधान हुने छ भने भविष्यमा यस्ता विवाद दोहोरिन नदिने गरी स्पष्ट नीतिगत व्यवस्था गर्न पनि मार्ग प्रशस्त गरेको सरकारको दाबी छ ।

सुशीला कार्की नेतृत्वको संघीय सरकारका अर्थ मन्त्रालयले गत असोज ७ गते नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने' परिपत्र जारी गरेको थियो ।

## विद्यार्थीलाई सैन्य तालिम

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सैन्य तालिम दिने प्रस्ताव अघि सारेको छ ।

विद्यालयमा अध्ययनरत किशोर तथा किशोरीहरूमा अनुशासन, राष्ट्रिय एकता र नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले कक्षा ८ देखि १२ सम्मका विद्यार्थीलाई सैन्य तालिम दिने तयारी गरिएको छ । यसका साथै युद्ध वा आन्तरिक द्वन्द्वको बेला आवश्यक सबै नागरिकलाई सैन्य तालीम दिने प्रस्ताव बालेन्द्र सरकारले गरेको छ ।



विद्यार्थीहरूलाई अनुशासित, मर्यादित र राष्ट्रप्रेमी बनाउँदै राष्ट्रिय आवश्यकताका समयमा परिचालन गर्ने गरी बालेन सरकारले राष्ट्रिय सेवा दल (एनसीसी) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ लाई अघि बढाएको जनाइएको छ । प्रतिनिधिसभा दर्ता भएको यस विधेयकले ५६ वर्ष पुरानो राष्ट्रिय सेवा दल ऐन, २०२७ लाई खारेज गरी नयाँ व्यवस्था लागू गर्नेछ । विधेयक असार १६ गते प्रतिनिधि सभामा दर्ता गरिएको छ ।

तर उक्त विधेयक आवश्यकता अनुसार सबै नेपाली नागरिकलाई सैन्य तालिमका लागि बाटो पनि खोलेको छ । राष्ट्रिय आवश्यकता अनुसार मन्त्रिपरिषद्ले निर्णय गरेर जुनसुकै नागरिकलाई सेवा दलले तालिम दिन सक्ने र उनीहरूलाई अनिवार्य रूपमा स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सकिने व्यवस्था प्रस्ताव गरिएको छ । विशेष गरी युद्ध वा आन्तरिक द्वन्द्वको बेलामा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन सकिने प्रावधान राखिएको छ ।

विद्यालय स्तरदेखि नै राष्ट्रिय एकताको भावना जगाउन, नेतृत्व क्षमता विकास गर्न र संकटका बेला खट्न सक्ने 'रिजर्भ फोर्स' का रूपमा जनशक्ति तयार पार्न यो विधेयक महत्वपूर्ण मानिन्छ । प्रधानमन्त्री एवं रक्षा मन्त्री बालेन्द्र साहले यसलाई समयसापेक्ष बनाउन संसद्मा पेश गरेका छन् ।

विधेयकले तालिम लिन चाहने विद्यार्थीहरूलाई दुईवटा डिभिजनमा विभाजन गरेको छ । जुनियर डिभिजनमा कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरू सहभागी हुनेछन् । यसका लागि विद्यार्थीको उमेर १३ वर्ष पूरा भई १८ वर्ष ननाघेको हुनुपर्नेछ । यसैगरी सिनियर डिभिजनमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरू यसका लागि योग्य हुनेछन् । उनीहरूको उमेर १६ वर्ष पूरा भई २१ वर्ष ननाघेको हुनुपर्नेछ ।

तालिम कम्तीमा दुई चरणमा सञ्चालन हुनेछ । पहिलो चरणमा विद्यार्थी अध्ययन गरिरहेकै विद्यालयमा तालिम दिइनेछ भने दोस्रो चरणमा तोकिएको विशेष शिक्षालय (क्याम्प) मा लगेर सञ्चालन गरिनेछ । तालिम सफलतापूर्वक पूरा गरेपछि विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गरिनेछ ।

विधेयकको दफा १८ र १९ मा राष्ट्रिय आवश्यकताका आधारमा तालिमप्राप्त क्याडेटहरूलाई राष्ट्र सेवामा खटाउन सकिने व्यवस्था छ । मन्त्रिपरिषद्को निर्णयबमोजिम जुनसुकै नेपाली नागरिक (तालिमप्राप्त) लाई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सकिनेछ ।

सार्वजनिक सेवा, पूर्वाधार विकास, विपद् व्यवस्थापन, महामारी नियन्त्रण, प्रकृति तथा पर्यावरण संरक्षण, संस्कृति र सम्पदा संरक्षण जस्ता क्षेत्रमा क्याडेटहरूलाई परिचालन गरिनेछ ।

राष्ट्रिय सेवा दलको प्रमुख संरक्षक प्रधानमन्त्री रहनेछन् भने रक्षा मन्त्री यसको संरक्षक रहनेछन् । यसैगरी नीतिगत निर्णय गर्न रक्षा मन्त्रीको अध्यक्षतामा ६ सदस्यीय 'निर्देशक समिति' रहनेछ, जसमा प्रधान सेनापति, रक्षा सचिव, शिक्षा सचिव लगायत सदस्य रहनेछन् ।

सेवा दलको प्रशासनिक प्रमुखका रूपमा नेपाली सेनाका अवकाश प्राप्त उपरथी मध्येबाट दुई वर्षका लागि महानिर्देशक नियुक्त गरिनेछ ।

विद्यार्थीहरूलाई तालिम दिनका लागि नेपाली सेनाका 'बहालवाला सैनिक' प्रशिक्षकहरू खटाइनेछ । आवश्यक परेको खण्डमा निजामती र अन्य सेवाका कर्मचारीलाई पनि काजमा खटाउन सकिने व्यवस्था विधेयकमा उल्लेख गरिएको छ ।

तालिम सञ्चालनका लागि विद्यालय छनोट गर्दा सामुदायिक विद्यालय, दुर्गम, सीमान्तकृत र सुरक्षाको दृष्टिकोणले संवेदनशील क्षेत्रका विद्यालयहरूलाई प्राथमिकता दिइनेछ ।

तालिमको दोस्रो चरण (शिक्षालयमा हुने तालिम) को अवधिभर क्याडेटहरूलाई सरकारले निःशुल्क आवास र राशनको व्यवस्था गर्नेछ भने तालिम अवधिभर क्याडेटहरूको बीमा समेत गरिनेछ ।

तालिममा सहभागी क्याडेटले तोकिएको अनुशासन पालना नगरेमा, शारीरिक वा मानसिक रूपमा अक्षम देखिएमा वा फौजदारी कसुरमा संलग्न भएमा शिक्षालय प्रमुखले जुनसुकै बेला तालिमबाट हटाउन सक्नेछ । तर, हटाउनुअघि सफाइको मौका भने दिइनेछ ।


२०२७ सालको पुरानो ऐनलाई प्रतिस्थापन गरे पनि सो ऐनअनुसार भए गरेका कामकारबाहीलाई यसै विधेयकले वैधता दिने उल्लेख छ ।

उक्त विधेयक नेपालको संविधानको धारा ५१ को खण्ड (क) मा उल्लेखित 'राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति' लाई कार्यान्वयन गर्न ल्याइएको हो । साथै तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाको अध्यक्षतामा २०७७ वैशाख २४ गते बसेको 'पिएसओज' बैठकको निर्णय र सोही वर्षको सरकारको नीति तथा कार्यक्रमका आधारमा यो विधेयकको अवधारणा तयार पारिएको छ ।

तालिममा सहभागी हुन इच्छुक विद्यार्थीका अभिभावक वा संरक्षकले तोकिएको ढाँचामा 'कबुलियतनामा' पेश गर्नुपर्नेछ । तालिम शुरु हुनुअघि प्रत्येक विद्यार्थीले अनिवार्य रूपमा शपथ लिनुपर्नेछ ।

सेवा दलले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामहरूको प्रगति विवरण आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाली सेनामार्फत रक्षा मन्त्रालयमा बुझाउनुपर्नेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रदेशहरुमा बजेट विवाद

प्रदेशहरुमा आगामी आर्थिक वर्षको प्रस्तुत बजेटले समस्या उत्पन्न भएको छ। बागमती प्रदेशमा सरकार नै ढल्ने अवस्था आएको छ। बजेटमा सरकारले गरेको गडबडी नसच्चयाइए सत्ता र विपक्ष दुबै मिलेर सरकार ढाल्ने तयारी गरिसकेको छ। कोशी प्रदेशमा पनि बजेटको कारण गम्भीर विवाद चलिरहेको छ। कर्णाली प्रदेशमा पनि बजेटको विवाद उत्कर्षमा पुगेको छ। मधेश प्रदेशमा बजेट सच्चयाउन दबाब दिँदै विपक्षीहरुले सदनलाई अवरुद्ध गरेका छन् । विपक्षीहरुको अवरोधको कारण सदन अनिश्चितकालका लागि स्थगित गरिएको छ। सरकारले बजेटमा आफ्ना क्षेत्रलाई अत्यधिक प्राथमिकता दिएर बजेटको अधिकांश रकम लगिएको छ। मुख्यमन्त्री र मन्त्रीहरुको क्षेत्रमा बजेटको खोलो नै बगेजस्तो छ। सबै प्रदेशमा एकैनासको समस्या छ। सबै प्रदेशमा सत्तासाझेदार दलका प्रमुख सांसदहरुले पनि पर्याप्त बजेट पाएका छन्। तर अन्य सांसदहरुलाई बजेटमा कुनै स्थान दिएको छैन। त्यसले विपक्षका मात्र नभइ सत्ता पक्षका सांसदहरु पनि असन्तुष्ट छन् । उनीहरुले पनि प्रमुख प्रतिपक्ष लगायतका दलरुले गरेको अवरोधलाई अघोषित रुपमा समर्थन जनाइरहेका छन्। बागमती प्रदेशमा बजेटलाई नसच्याए मुख्यमन्त्रीको कुर्सी नै खस्किने बलियो सम्भावना छ। देशको सबै प्रदेशमा बजेट सम्बन्धी उत्पन्न समस्याले संघीयता विरोधीहरुलाई उत्साहित बनाएको छ । प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरुले प्रदेशका अन्य सांसदलाई उपेक्षा गरेका छन् । उनीहरुले बजेटमा एकलौटी गरेपछि आफ्नै दलका सांसदहरु समेत आक्रोशित भएर विपक्षीलाई सघाउने तयारी गरेका छन् । बजेटको विषयमा सातवटै प्रदेशमा उत्पन्न समस्याको समाधान पनि एकै किसिमको हुने देखिन्छ। हुन त संघीय सरकारले ल्याएको बजेट पनि विवादमुक्त रहन सकेन। प्रतिनिधि सभामा प्रस्तुत भइसकेको बजेटमा व्यापक फेरबदल गरिएको आरोप लागेको छ। कतिपय करको दर नै परिवर्तन समेत भएको आरोप छ। संघीय सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रदेशमा सांसद नै छैन। हुन त रास्वपाले प्रदेशलाई खारेज गर्ने तयारीमा छ। प्रदेशमा बढ्दो विवादले रास्वपाको तर्कलाई पुष्टि गर्न थालेको छ। सातवटै प्रदेशमा नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को संयुक्त सरकार छ। तीनै पुराना दलको सोचमा अझै परिवर्तन आएको छैन। हुन त ती दलहरुले संघीयताका लागि लडेको पनि होइन। प्रदेश संरचनाको विरोध गर्ने दलहरुले नै प्रदेशमा सरकार चलाइरहेकोले झन मनपरी गर्न थालेको छ। प्रदेश संरचना भंग गर्नुपर्ने आवाज उठाउने दल र नेताहरुलाई तीन दलले उत्साहित बनाइरहेको छ । प्रदेशहरुमा तीन दलको क्रियाकलाप अस्वभाविक देखिएको छ। उनीहरुलाई संघीयता बदनाम हुने भन्दा आफ्ना क्षेत्र र झोलाको मात्र चिन्ता छ। भ्रष्टाचारको सबै हद पार गरेको प्रदेश सरकारहरु विरुद्ध सशक्त रुपमा आवाज उठाउन आवश्यक छ।

## बालेन शाह नेतृत्वको सरकारको पहिलो सय दिनः

# आशा, उपलब्धि, चुनौती र लोकतान्त्रिक परीक्षण



● सुजीत कुमार झा

नेपालको राजनीतिक इतिहासमा २०८२ सालको आमनिर्वाचन एउटा असाधारण मोडका रूपमा स्मरणीय रहनेछ । परम्परागत राजनीतिक दलहरूप्रतिको व्यापक असन्तुष्टि, युवा पुस्ताको विद्रोही सोच, सामाजिक सञ्जालको तीव्र प्रभाव तथा सुशासन र पारदर्शिताको जनअपेक्षाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई ऐतिहासिक जनादेश दिलायो । त्यसै जनादेशको आधारमा प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको नेतृत्वमा झन्डै दुई तिहाइ बहुमतसहित एकल सरकार गठन भयो । नयाँ राजनीतिक शक्तिको उदयसँगै जनताले दशकौँदेखि दोहोरिँदै आएको भ्रष्टाचार, अस्थिरता, दलगत भागबण्डा र कमजोर प्रशासनको अन्त्य हुने ठूलो आशा गरेका थिए ।

संसदीय लोकतन्त्रमा कुनै पनि नयाँ सरकारको पहिलो सय दिनलाई सामान्यतः 'हनिमुन अवधि' (Honeymoon Period) मानिन्छ । यस अवधिमा सरकारको नीति, प्राथमिकता, कार्यशैली र नेतृत्व क्षमताको प्रारम्भिक परीक्षण गरिन्छ। आलोचनाभन्दा बढी अपेक्षा र मूल्याङ्कनको समय मानिने यस अवधिमा बालेन नेतृत्वको सरकारले पनि आफ्नो सय दिने कार्ययोजना सार्वजनिक गर्दै सुशासन, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार र जनमुखी शासनको प्रतिबद्धता जनाएको थियो । तर सय दिन पूरा हुँदा सरकारका उपलब्धि, कमजोरी, शैली र लोकतान्त्रिक अभ्यासबारे गम्भीर बहस सुरु भएको छ ।

### सुशासनको वाचा र प्रारम्भिक उपलब्धि

बालेन शाह नेतृत्वको सरकारको सबैभन्दा ठूलो राजनीतिक पूँजी नै सुशासनको प्रतिबद्धता थियो । विगतका सरकारहरूमा देखिएको नीतिगत भ्रष्टाचार, कमिसनतन्त्र, प्रशासनिक ढिलासुस्ती तथा राजनीतिक हस्तक्षेप अन्त्य गर्ने वाचा गर्दै सरकार सत्तामा पुगेको थियो। प्रारम्भिक सय दिनमा केही सकारात्मक संकेत अवश्य देखिएका छन् ।

सबैभन्दा उल्लेखनीय पक्ष उच्च तहका भ्रष्टाचारका ठूला काण्ड सार्वजनिक रूपमा नदेखिनु हो । विगतका सरकारहरूमा मन्त्री वा प्रधानमन्त्रीकै तहमा नीतिगत भ्रष्टाचारका आरोप लाग्ने गरेका थिए। तर हालसम्म त्यस्ता गम्भीर विवादहरू सार्वजनिक भएका छैनन् । यसले सरकारको नियतमाथि तत्काल प्रश्न उठाउने अवस्था सिर्जना गरेको छैन ।

त्यसैगरी प्रशासनिक क्षेत्रमा केही सुधार देखिएको अनुभव सर्वसाधारणले गरेका छन् । सरकारी कार्यालयमा फाइल रोक्ने, अनावश्यक ढिलाइ गर्ने तथा आर्थिक लेनदेनको अपेक्षा गर्ने प्रवृत्तिमा केही कमी आएको अनुभूति गरिएको छ। कर्मचारीतन्त्रमा कार्यसम्पादन सुधार गर्ने प्रयास र सेवा प्रवाहलाई छिटो बनाउने सरकारको इच्छाशक्ति सकारात्मक रूपमा देखिएको छ।

सरकारको अर्को बलियो पक्ष पुराना संरचनात्मक समस्याहरू समाधान गर्ने दृढ इच्छाशक्ति हो। विकास, पूर्वाधार, प्रशासनिक सुधार तथा सार्वजनिक सेवा प्रभावकारी बनाउने विषयमा नेतृत्व सक्रिय देखिएको छ । यसले जनतामा अझै पनि आशाको वातावरण कायम राखेको छ।

### सुशासनको चुनौतीः 'Rule of Law' कि 'Rule by Law' ?

यद्यपि सरकारको नियतप्रति तत्काल प्रश्न उठाउनुपर्ने अवस्था नदेखिए पनि कार्यशैली र कानुनी प्रक्रियाप्रतिको दृष्टिकोणलाई लिएर गम्भीर चिन्ता व्यक्त हुन थालेको छ । लोकतन्त्रमा कानुन मात्रै शासन गर्ने साधन होइन, न्याय, समानता र नागरिक अधिकारको सुरक्षा गर्ने आधार हो । यही कारण ' Rule of Law' अर्थात् कानुनको शासन लोकतन्त्रको मूल आधार मानिन्छ।

तर सरकारका कतिपय निर्णयहरू हेर्दा कानुनलाई समान न्यायको माध्यम बनाउनुको सट्टा राज्य शक्ति प्रयोग गर्ने उपकरणका रूपमा प्रयोग गरिएको हो कि भन्ने आशंका बढेको छ। राजनीतिक विश्लेषकहरूको बुझाइमा सरकारले परिणाम देखाउने हतारमा स्थापित कानुनी प्रक्रिया (Due Process of Law) लाई पर्याप्त महत्व दिएको देखिँदैन।

वास्तविक सुशासन भनेको कसैप्रति राजनीतिक प्रतिशोध नराखी सबै नागरिकलाई समान व्यवहार गर्नु हो । कानुनी प्रक्रिया मिचेर मात्रै नतिजा देखाउन खोज्नु लोकतान्त्रिक शासनको दीर्घकालीन हितमा हुँदैन । सुशासन मात्रै कडा निर्णय गर्ने नाम होइन; त्यो न्यायपूर्ण प्रक्रिया अपनाउने संस्कृतिसँग पनि जोडिएको विषय हो।

### दूई तिहाइ बहुमत र बढ्दो दम्भको जोखिम

इतिहासले देखाएको छ कि अत्यधिक बहुमत पाएका सरकारहरू कहिलेकाहीँ आफ्नै सफलताको बोझले कमजोर बन्न सक्छन् । बलियो जनादेशले आत्मविश्वास दिन्छ, तर त्यही आत्मविश्वास दम्भमा परिणत भए लोकतन्त्रका लागि खतरा उत्पन्न हुन्छ।



बालेन नेतृत्वको सरकारका कतिपय गतिविधिमा 'हामीसँग दुई तिहाइको बहुमत छ, त्यसैले जे गरे पनि हुन्छ' भन्ने मनोवृत्ति झल्किएको आरोप लाग्न थालेको छ । संसद्, प्रतिपक्ष, नागरिक समाज तथा सञ्चारमाध्यमबाट आएका आलोचनालाई लोकतान्त्रिक प्रक्रियाको सामान्य अभ्यासका रूपमा स्वीकार गर्नुको सट्टा असहज रूपमा लिने प्रवृत्तिले चिन्ता बढाएको छ।

लोकतन्त्रमा बलियो सरकारको अर्थ नियन्त्रणविहीन सरकार होइन। जनताले सरकारलाई शासन गर्ने अधिकार दिएका हुन्छन्, तर त्यो अधिकार संविधान, कानुन र लोकतान्त्रिक संस्थाको सीमाभित्र प्रयोग हुनुपर्छ । लोकतन्त्रमा सरकारको सबैभन्दा ठूलो शक्ति जवाफदेहिता हो, सर्वाधिकार होइन।

### पारदर्शिताको अभाव

सुशासनको अर्को आधार पारदर्शिता हो। राज्यका महत्वपूर्ण निर्णयहरू कसरी भए, कुन आधारमा भए र कसको सल्लाहमा भए भन्ने कुरा नागरिकले जान्न पाउने अधिकार राख्छन्। तर सय दिनको अवधिमा सरकारले गरेका केही रणनीतिक निर्णयहरू पर्याप्त पारदर्शी नभएको आलोचना भएको छ।

निर्णय प्रक्रियामा विशेषज्ञ, सरोकारवाला तथा विपक्षीसँग पर्याप्त छलफल नगरी निर्णय गर्ने शैलीले सरकारको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । पारदर्शिताविनाको प्रभावकारिता दीर्घकालीन रूपमा टिकाउ हुन सक्दैन । लोकतन्त्रमा परिणाम जत्तिकै प्रक्रिया पनि महत्वपूर्ण हुन्छ।

### सीमासम्बन्धी अभिव्यक्ति र कूटनीतिक अपरिपक्वता

सरकारको सय दिनभित्र सबैभन्दा विवादित विषयमध्ये एक प्रधानमन्त्रीले संसदमा व्यक्त गरेका सीमासम्बन्धी धारणा बने । अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति अत्यन्त संवेदनशील विषय हुन्। यस्ता विषयमा कुनै पनि अभिव्यक्ति ऐतिहासिक तथ्य, कानुनी आधार तथा कूटनीतिक तयारीसहित प्रस्तुत गरिनुपर्छ।

तर प्रधानमन्त्रीका केही सार्वजनिक अभिव्यक्तिलाई अपरिपक्व तथा कूटनीतिक मर्यादाविपरीत भएको टिप्पणी गरिएको छ। त्यसपछि सरकारले आफ्ना भनाइलाई प्रभावकारी रूपमा स्पष्ट पार्न वा आवश्यक प्रमाण प्रस्तुत गर्न सकेन। यस्तो अवस्थाले अन्तर्राष्ट्रिय समुदायमा नेपालको कूटनीतिक विश्वसनीयतामा असर पर्न सक्ने विश्लेषण गरिएको छ।

लोकप्रिय राजनीतिमा प्रभाव पार्ने भाषण र अन्तर ाष्ट्रिय कूटनीतिमा प्रयोग हुने भाषा फरक हुन्छन् । प्रधानमन्त्रीका प्रत्येक सार्वजनिक अभिव्यक्तिले राष्ट्रको प्रतिनिधित्व गर्ने भएकाले यसमा थप परिपक्वता आवश्यक देखिन्छ।

### सुकुमबासी व्यवस्थापन र मानवीय संवेदनशीलताको प्रश्न

सरकारको अर्को विवादित कदम सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनका क्रममा अपनाइएको बल प्रयोग हो । वर्षौंदेखि नदी किनार तथा सार्वजनिक जग्गामा बसोबास गरिरहेका नागरिकहरूको समस्या मात्रै कानुनी होइन, सामाजिक, आर्थिक र मानवीय पनि हो।

राज्यको दायित्व मात्रै अवैध संरचना हटाउनु मात्र होइन, प्रभावित नागरिकको पुनर्स्थापना, वैकल्पिक व्यवस्थापन तथा सामाजिक सुरक्षाको व्यवस्था गर्नु पनि हो । तर सरकारको कार्यशैली कठोर र असंवेदनशील देखिएको भन्दै आलोचना भएको छ।

यस अवधिमा सुकुमबासीहरू विस्थापित भइरहेका बेला प्रधानमन्त्रीका सामाजिक सञ्जालमा सार्वजनिक भएका केही व्यक्तिगत गतिविधिका तस्बिरहरूले पनि नेतृत्वको संवेदनशीलतामाथि प्रश्न उठाएका थिए । नेतृत्वको सार्वजनिक व्यवहारले संकटको समयमा नागरिकलाई कस्तो सन्देश दिन्छ भन्ने विषय लोकतान्त्रिक राजनीतिमा अत्यन्त महत्वपूर्ण हुन्छ।

### संवैधानिक संस्थामाथिको दबाब र अध्यादेशको प्रयोग

लोकतन्त्रको बल मात्रै सरकारमा होइन, संवैधानिक संस्थाहरूको स्वतन्त्रतामा पनि निर्भर हुन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, न्यायपालिका तथा अन्य संवैधानिक निकायहरूले सरकारमाथि आवश्यक नियन्त्रण र सन्तुलन कायम राख्ने भूमिका खेल्छन्।

तर सय दिनको अवधिमा केही संवैधानिक निकायमाथि सरकारबाट दबाब परेको चर्चा सार्वजनिक भयो । यस्ता घटनाले लोकतान्त्रिक संस्थाहरूको स्वतन्त्रतामाथि प्रश्न उठाउने वातावरण सिर्जना गरेको छ।

त्यसैगरी सरकारसँग स्पष्ट बहुमत हुँदाहुँदै पनि संसद्को नियमित प्रक्रिया छलेर अध्यादेशमार्फत कानुन ल्याउने प्रयासले थप आलोचना निम्त्यायो । विगतमा अध्यादेशको विरोध गर्ने राजनीतिक शक्ति स्वयं सत्तामा पुगेपछि त्यही बाटो अपनाउनु राजनीतिक नैतिकताको दृष्टिले पनि असंगत देखिएको छ।

लोकतन्त्रमा संसद् कानुन निर्माणको प्रमुख थलो हो। बहुमत भएको सरकारले संसद्को छलफलबाट डराउनुपर्ने कुनै कारण हुँदैन। त्यसैले अध्यादेशलाई अपवादका रूपमा मात्र प्रयोग गरिनुपर्छ।

### आशा अझै बाकी छ

यी सबै आलोचनाका बाबजुद सरकारप्रतिको जनविश्वास पूर्ण रूपमा समाप्त भएको छैन। कारण, जनताले अझै पनि नेतृत्वको नियत राम्रो रहेको विश्वास गरेका छन्। भ्रष्टाचारविरुद्धको प्रतिबद्धता, प्रशासनिक सुधारको प्रयास तथा काम गर्ने उत्साहलाई सकारात्मक रूपमा हेरिएको छ।

तर अबको चुनौती नियतभन्दा बढी कार्यशैलीमा छ । लोकतन्त्रमा राम्रो नियत मात्र पर्याप्त हुँदैन; त्यसलाई संस्थागत प्रक्रिया, पारदर्शिता, कानुनी मर्यादा र मानवीय संवेदनशीलतासँग जोड्न सक्नुपर्छ।

सरकारले आलोचनालाई शत्रुताको रूपमा नभई सुधारको अवसरका रूपमा लिनुपर्छ। प्रतिपक्ष, सञ्चारमाध्यम, नागरिक समाज र बौद्धिक समुदाय लोकतन्त्रका आवश्यक साझेदार हुन् । उनीहरूको प्रश्नको उत्तर दिनु कमजोरी होइन, लोकतान्त्रिक परिपक्वताको परिचायक हो।

बालेन शाह नेतृत्वको सरकारको पहिलो सय दिन मिश्रित अनुभवको अवधि बनेको छ । एकातर्फ भ्रष्टाचार नियन्त्रणको संकेत, प्रशासनिक सुधारको प्रयास र काम गर्ने इच्छाशक्ति देखिएको छ भने अर्कोतर्फ कानुनी प्रक्रिया, पारदर्शिता, कूटनीतिक परिपक्वता, संवैधानिक संस्थाप्रतिको सम्मान तथा मानवीय संवेदनशीलतामा कमजोरी देखिएको छ।

जनताले यो सरकारलाइमात्रै नयाँ अनुहार भएकाले होइन, नयाँ राजनीतिक संस्कृतिको अपेक्षाका साथ निर्वाचित गरेका हुन् । त्यसैले सरकारको सफलता लोकप्रिय नारामा होइन, लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने, विधिको शासन स्थापित गर्ने, संसद् प्रति उत्तरदायी रहने र सबै नागरिकप्रति समान व्यवहार गर्ने क्षमतामा निर्भर रहनेछ।

सरकारसँग अझै पनि कार्यकालको ठूलो हिस्सा बाँकी छ । यदि नेतृत्वले दम्भ त्यागेर विनम्रता अपनायो, पारदर्शी निर्णय प्रक्रिया अवलम्बन गर्‍यो, संसद्को सम्मान गर्दै अध्यादेशको प्रयोगलाई अपवादमा सीमित राख्यो र समाजका सबैभन्दा कमजोर वर्गप्रति संवेदनशील व्यवहार गर्‍यो भने जनताले दिएको ऐतिहासिक जनादेशको सम्मान हुनेछ।

अन्ततः लोकतन्त्र कुनै एक शक्तिशाली नायकको उदयबाट होइन, बलिया संस्था, जवाफदेही सरकार, स्वतन्त्र न्यायपालिका, सक्रिय संसद् र सचेत नागरिकबाट बलियो बन्छ । बालेन शाह नेतृत्वको सरकारका लागि पहिलो सय दिन एउटा प्रारम्भिक परीक्षा मात्र हो । आगामी वर्षहरूमा सरकारले आफ्नो कार्यशैली सुधार्दै विधिको शासन, सुशासन र लोकतान्त्रिक मूल्यमान्यतालाई व्यवहारमा उतार्न सकेमा मात्र परिवर्तनको जनआकांक्षाले वास्तविक सफलता प्राप्त गर्नेछ।

# अस्पतालमा आगलागीः जानकारीको अभावले निम्त्याउन सक्छ ठूलो विपत्ति



डा. श्वेता झा

के तपाईंलाई थाहा छ? अस्पतालजस्तो संवेदनशील ठाउँमा आगलागी हुनु सामान्य दुर्घटना मात्र होइन, यो ठूलो त्रासदी पनि हुन सक्छ। बिरामी, जटिल उपकरण, अक्सिजन सिलिन्डर तथा अन्य ज्वलनशील पदार्थको उपस्थितिका कारण अस्पतालमा सानो असावधानीले पनि ठूलो क्षति निम्त्याउन सक्छ। त्यसैले अग्नि सुरक्षासम्बन्धी ज्ञान स्वास्थ्यकर्मीका लागि बिरामीको जीवन बचाउने अनिवार्य सीप हो।

### हाम्रो यथार्थ र चुनौतीः किन तालिम आवश्यक छ?

अस्पतालका विभिन्न स्थानमा अग्निनियन्त्रक राखिएका त हुन्छन्, तर आपत्कालीन अवस्थामा हामीमध्ये धेरैलाई त्यसको सही प्रयोग गर्ने तरिका थाहा नहुन सक्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, आगो लागेको बेला गलत अग्निनियन्त्रकको प्रयोगले आगो निभाउनुको सट्टा झन् भड्काउन सक्छ। उदाहरणका लागि, विद्युतीय आगोमा पानी प्रयोग गर्नु आफैँलाई करेन्ट लाग्ने जोखिम निम्त्याउनु हो। त्यसैले कुन अवस्थामा कुन उपकरण प्रयोग गर्ने र कुन उपकरण प्रयोग गर्नुहुँदैन भन्ने स्पष्ट ज्ञान हुनु अत्यन्त आवश्यक छ। उपकरणको उपलब्धता मात्र पर्याप्त हुँदैन, त्यसलाई प्रयोग गर्ने सीप र सही निर्णय गर्ने क्षमता पनि हुनुपर्छ।

यही वास्तविकतालाई मध्यनजर गर्दै अग्नि सुरक्षासम्बन्धी विशेष तालिम तथा हरेक तीनदेखि छ महिनाको अन्तरालमा नियमित अभ्यासात्मक उद्धार अभ्यास (मक ड्रिल) सञ्चालन गर्नु आजको अपरिहार्य आवश्यकता हो।

अस्पतालमा आगलागी हुँदा कुन बिरामीलाई कसरी सार्ने, कहिले आगो निभाउने र कहिले सुरक्षित स्थानतर्फ सार्ने भन्ने जानकारी केवल प्रशासन वा सुरक्षा गार्डमा मात्र सीमित भएर पुग्दैन। अस्पतालका साना-साना जोखिमलाई पनि अग्नि सुरक्षाको दृष्टिकोणबाट मूल्याङ्कन गर्नुपर्छ।

अस्पतालमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, प्यारामेडिक्स, भान्से, सरसफाइ कर्मचारीदेखि सहयोगी कर्मचारीसम्म सबैलाई अग्नि नियन्त्रणसम्बन्धी आधारभूत तालिम दिइनुपर्छ। आपत्कालीन अवस्थामा सबै कर्मचारी आफ्नो भूमिकाबारे स्पष्ट भएमा मात्र ठूलो क्षति रोक्न सकिन्छ। बिरामीको सबैभन्दा नजिक रहने व्यक्ति नै पहिलो उद्धारकर्ता हुन सक्छ।

### आगोको प्रकृति र अग्निनियन्त्रकको छनोट

**आगोको स्रोतअनुसार सही यन्त्रको प्रयोग गर्न जान्नुपर्छः**

आगोको स्रोतअनुसार सही अग्निनियन्त्रक प्रयोग गर्न जान्नुपर्छ। विद्युतीय उपकरण बढी हुने अस्पतालमा कार्बन डाइअक्साइड (ऋइ) वा ड्राइ केमिकल पाउडर (म्ऋए) अग्निनियन्त्रक बढी प्रभावकारी हुन्छन्।

विद्युतीय उपकरणमा लागेको आगो निभाउन पानी वा फोम प्रयोग गर्नु गम्भीर गल्ती हुन सक्छ।

### आगो निभाउने प्रभावकारी विधिः 'पास' प्रणाली

आगलागीको प्रारम्भिक चरणमा 'पास' प्रणाली अपनाउनुहोस्।

पी (पिन निकाल्ने)ः सुरक्षा पिन तान्नुहोस्।

ए (आधारमा सोझ्याउने)ः नोजललाई आगोको आधारतर्फ सोझ्याउनुहोस्।

एस (थिच्ने)ः लिभरलाई मजबुत रूपमा थिच्नुहोस्।

एस (दायाँ-बायाँ छर्ने)ः आगो पूर्ण रूपमा ननिभेसम्म दायाँ-बायाँ चलाउँदै अग्निनियन्त्रक प्रयोग गर्नुहोस्।

| आगोको वर्ग | आगोको स्रोत (केमा लाग्छ?) | उपयुक्त अग्निनियन्त्रक |
|---|---|---|
| Class A | कागज, काठ, कपडा, प्लास्टिक, फोहर आदि | पानी (Water) वा फोम (Foam) |
| Class B | ज्वलनशील तरल पदार्थ (स्पिरिट, पेट्रोल, डिजेल, केमिकल आदि) | फोम (Foam) वा कार्बन डाइअक्साइड ($CO_2$) |
| Class C | विद्युतीय उपकरण (मेसिन, सर्भर, कम्प्युटर, विद्युतीय प्यानल आदि) | कार्बन डाइअक्साइड ($CO_2$) वा ड्राइ केमिकल पाउडर (DCP) |
| Class K | किचनको तेल, घ्यू, बोसो तथा खाना पकाउने तेलजन्य आगो | वेट केमिकल (Wet Chemical) |

### सुरक्षित भेला हुने स्थान

भवन खाली गर्नु मात्र पर्याप्त हुँदैन। सबैजना सुरक्षित रूपमा जम्मा हुने स्थान पूर्वनिर्धारित हुनुपर्छ। यसले उपस्थितिको यकिन गर्न, छुटेका व्यक्तिको खोजी गर्न तथा उद्धार टोलीलाई प्रभावकारी रूपमा काम गर्न सहज बनाउँछ।

### नियमित तालिम र अभ्यासात्मक उद्धार अभ्यास

अग्नि सुरक्षालाई संस्थागत कार्यसंस्कृतिको अभिन्न अङ्ग बनाऔँ।

व्यावहारिक तालिमः प्रत्येक कर्मचारीलाई अग्निनियन्त्रक प्रयोग गर्ने विधिबारे व्यावहारिक प्रशिक्षण दिइनुपर्छ।

नियमित अभ्यासात्मक उद्धार अभ्यासः हरेक तीन वा छ महिनाको अन्तरालमा नियमित अभ्यास सञ्चालन गर्नुपर्छ। यसले बारम्बारको अभ्यासबाट स्वाभाविक कार्यक्षमता विकास गर्छ, जसका कारण आपत्कालीन अवस्थामा कर्मचारी नआत्तिई सही निर्णय गर्न सक्षम हुन्छन्।

पूर्वाधार परीक्षणः अभ्यासका माध्यमबाट अग्नि सचेतक प्रणाली, आपत्कालीन बाहिरिने मार्ग तथा अन्य सुरक्षा पूर्वाधारको अवस्था परीक्षण गर्न सकिन्छ।

अस्पतालमा आगलागी हुनु मानिसको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। त्यसैले आफ्नो कार्यस्थलमा रहेका सुरक्षा उपकरणलाई 'मित्र'का रूपमा चिनौँ। सही उपकरणको सही प्रयोग गरौँ र गलत उपकरण प्रयोग गरेर आगोलाई झन् भड्किन नदिऔँ।

'सुरक्षा सबैको जिम्मेवारी हो' भन्ने भावनाका साथ आजै आफ्ना सहकर्मी र प्रशासनसँग छलफल गरौँ। नियमित तालिम लिने र अभ्यासात्मक उद्धार अभ्यासमा सक्रिय रूपमा सहभागी हुने बानी बसालौँ।

के तपाईंको अस्पतालमा पछिल्लो छ महिनाभित्र अभ्यासात्मक उद्धार अभ्यास (मक ड्रिल) सञ्चालन भएको छ? यदि छैन भने, आजै यसको थालनी गर्न पहल गरौँ।

*डा झा बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानकी प्राध्यापक हुन्।*

# अख्तियारको मुद्दापछि ठाकुरको सम्पत्तिमाथि प्रश्न

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको राजपुर नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरविरुद्ध विद्यालय भवन निर्माणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि उनको सम्पत्ति, कार्यशैली र विगतका गतिविधिमाथि समेत स्थानीय स्तरमा व्यापक चर्चा सुरु भएको छ।



तत्कालीन पिपरा पोखरिया गाविसमा २०५५ सालमा प्राविधिक सहायक पदबाट सरकारी सेवामा प्रवेश गरेका ठाकुर त्यसपछि जिल्ला विकास समिति रौतहटमा सरुवा भई प्रशासनिक जिम्मेवारीमा पुगेका थिए। जिल्ला विकास समितिको प्रशासन शाखाको नेतृत्व सम्हाल्ने क्रममा कर्मचारी भर्ना, सरुवा र बढुवालगायतका प्रशासनिक काममा आर्थिक चलखेल हुने गरेको आरोप उनीमाथि वर्षौंदेखि लाग्दै आएको स्थानीयहरूको दाबी छ। यद्यपि ती आरोपहरू अदालतबाट प्रमाणित भएका सार्वजनिक अभिलेख उपलब्ध छैनन्।

उनीमाथि जिल्ला विकास समितिको स्वामित्वमा रहेको जग्गा बिक्री प्रकरणमा समेत नाम जोडिएको चर्चा भए पनि उक्त विषयमा उनीविरुद्ध कानुनी कारबाही भएको वा अदालतबाट दोषी ठहर भएको सार्वजनिक प्रमाण फेला परेको छैन। त्यसपछि तत्कालीन स्थानीय विकास अधिकारी रामआशीष दासले २०६६ सालमा उनलाई जिल्ला विकास समितिको प्रशासन शाखामा सरुवा गरी महत्वपूर्ण जिम्मेवारी दिएका थिए। देश संघीय संरचनामा गएपछि जिल्ला विकास समिति जिल्ला समन्वय समितिमा रूपान्तरण भए पनि ठाकुर प्रशासन शाखा प्रमुखकै रूपमा कार्यरत रहे। पछि बढुवा हुँदै उनी राजपुर नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत बनेका थिए। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पटक-पटक सरुवा गरे पनि उनी लामो समयसम्म राजपुर नगरपालिकामै प्रभावशाली रूपमा कार्यरत रहेको स्रोतको दाबी छ।

यसबीच ठाकुरको सम्पत्तिलाई लिएर पनि विभिन्न प्रश्न उठिरहेका छन्। सामान्य आर्थिक अवस्थाबाट सरकारी सेवामा प्रवेश गरेका उनले हाल रौतहटको गौर-५ मा करिब डेढ कठ्ठा जग्गामा तीनतले पक्की घर निर्माण गरेका छन्। जिल्लाका विभिन्न बजार तथा अन्य सहरमा समेत उनको तथा आफन्तहरूको नाममा जग्गा रहेको स्रोतको दाबी छ।

यद्यपि ती सम्पत्तिको स्रोतबारे सम्बन्धित निकायबाट औपचारिक अनुसन्धान भएको सार्वजनिक जानकारी छैन। अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेसँगै ठाकुरको आय-व्यय, सम्पत्तिको स्रोत तथा सम्भावित सम्पत्ति शुद्धीकरण (मनी लन्डरिङ) सम्बन्धी विषयमा समेत अनुसन्धान हुनुपर्ने आवाज स्थानीय स्तरमा उठ्न थालेको छ। यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजपुर नगरपालिका-५ स्थित जनता (नमुना) माध्यमिक विद्यालयको ८ कोठे प्रिस्कुल ब्लक निर्माणमा अनियमितता भएको निष्कर्ष निकाल्दै तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरसहित चार जनाविरुद्ध विशेष अदालतमा शुक्रवार भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका अनुसार बहुवर्षीय गुरुयोजना अन्तर्गत निर्माण गरिएको भवनमा वास्तविक कार्यभन्दा बढी मूल्याङ्कन गरी सरकारी रकम हिनामिना गरिएको छ। सुरुमा ९७ लाख ३७ हजार ९९४ रुपैयाँ लागत अनुमान गरिएको परियोजनाको लागत संशोधनपछि १ करोड ५ लाख ७७ हजार ५९६ रुपैयाँ पुऱ्याइएको थियो। निर्माण सम्पन्न भएपछि १ करोड ९ लाख ८१ हजार ५०१ रुपैयाँ खर्च भएको देखाइए पनि आयोगको स्थलगत निरीक्षण तथा नापजाँचका क्रममा ११ लाख १० हजार ११४ रुपैयाँ ५७ पैसा बराबरको काम कम भएको भेटिएको आयोगले जनाएको छ।

अनुसन्धानका क्रममा नभएको कामलाई भएको देखाएर झुटो बिल, भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी सरकारी कोषलाई हानि पुऱ्याइएको आयोगको आरोप छ। यस प्रकरणमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर, इन्जिनियर मोहम्मद शाह फैसल, विद्यालयका तत्कालीन प्रधानाध्यापक विजयकान्त मिश्र तथा लेखापाल शेख जाहिरविरुद्ध जनही ११ लाख १० हजार ११४ रुपैयाँ ५७ पैसा बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

# नवप्रतिभा खोजी तथा सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनबिना कुनै पनि समाजको समग्र विकास हुन नसक्ने बताएका छन्।



मधेश प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा आयोजित 'नवप्रतिभा खोजी तथा सम्मान' कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै मन्त्री सिंहले संघीय शासन प्रणालीको मूल मर्म नै स्थानीय भाषा, संस्कृति, कला र पहिचानको संरक्षण तथा प्रवर्द्धन रहेको भने।

उनले भने, "जहाँको भाषा, कला र संस्कृति जीवित रहन्छ, त्यही समाजको पहिचान पनि बलियो हुन्छ। यदि यी पक्षको संरक्षण हुन सकेन भने समाजको विकास पनि अधुरो रहन्छ। संघीयताको सार नै स्थानीय पहिचानलाई स्थापित गर्नु र ओझेलमा परेका प्रतिभालाई उजागर गर्नु हो।"

मन्त्री सिंहले आफूले आगामी दिनमा उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि योजनाबद्ध रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले मधेश प्रज्ञा प्रतिष्ठानलाई स्पष्ट कार्ययोजना तयार गरी मन्त्रालयमा पेस गर्न आग्रह गर्दै त्यसअनुसार बजेट व्यवस्थापन गर्न आफू सकारात्मक रहेको बताए।

मन्त्री सिंहले प्रदेश सरकारको आर्थिक अवस्थाबारे पनि खुलस्त धारणा राख्दै मधेश प्रदेशमा १३६ वटा स्थानीय तह भए पनि मन्त्रालयको बजेट दुईवटा पालिकाको बजेट बराबरसमेत नरहेको बताए। सीमित स्रोत-साधनका बाबजुद मधेशको पहिचानसँग जोडिएका संस्था र गतिविधिलाई संरक्षण तथा प्रवर्द्धन गर्न मन्त्रालय प्रतिबद्ध रहेको उनको भनाइ थियो।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडीको अध्यक्षतामा प्रदेशभरिका साहित्यकार, कलाकार, भाषाविद् तथा सांस्कृतिक व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा सातै प्रदेशबाट आएका कलाकार, साहित्यकार, भाषाविद् तथा सांस्कृतिक अभियन्ताहरूले आ-आफ्नो धारणा राख्दै भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका लागि राज्यको लगानी वृद्धि गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको विशेष आकर्षणका रूपमा 'नवप्रतिभा खोजी' अन्तर्गत विभिन्न विधाका नवप्रतिभाशाली कलाकारहरूले आफ्नो सिर्जना, गायन, नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। उत्कृष्ट प्रतिभाहरूलाई सम्मानपत्र प्रदान गरी सम्मानित गरिएको थियो।

कार्यक्रमले मधेशको बहुभाषिक, बहुसांस्कृतिक र बहुआयामिक पहिचानलाई थप सशक्त बनाउँदै नयाँ पुस्ताका कलाकारलाई प्रोत्साहन गर्ने सन्देश दिएको सहभागीहरूले बताएका छन्।

# एनवाईईएफ जनकपुरधाम च्याप्टरको अध्यक्षमा शाह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल युवा उद्यमी मञ्च जनकपुरधाम च्याप्टरले आफ्नो छठौँ वार्षिक साधारणसभा सम्पन्न गरेको छ। साधारणसभा मार्फत आर्थिक वर्ष २०२६/२०२७ का लागि नयाँ कार्यसमितिले औपचारिक रूपमा पदभार ग्रहण गरेको छ।



नवनिर्वाचित अध्यक्ष नवीन शाहलाई कार्यक्रममा निवर्तमान अध्यक्ष सीए राजीव रौनियारले नेतृत्व हस्तान्तरण गर्दै संगठनको जिम्मेवारी सुम्पिएका थिए। युवा सञ्चार उद्यमी तथा विभिन्न व्यापार एवं आयात व्यवसायमा संलग्न नवीन शाहले अब जनकपुर च्याप्टरको नेतृत्व गर्नेछन्।

नवनिर्वाचित कार्यसमितिमा नवीन शाह अध्यक्ष, दीपक शर्मा प्रथम उपाध्यक्ष, प्रियांशु शाह द्वितीय उपाध्यक्ष तथा कार्यसमिति सदस्यहरूमा सुमित गुप्ता, विशाल शाह, सञ्जु नायक, जयकुमार शाह, शिवरतन रौनियार, निखिल साह, युवराज कुमार शाह, कञ्चन गुप्ता र काजोल शर्मा निर्वाचित भएका छन्।

पदभार ग्रहणपछि अध्यक्ष नवीन शाहले युवा उद्यमशीलताको विकास, स्टार्टअप संस्कृतिको प्रवर्द्धन तथा उद्यमीहरूको सशक्त इकोसिस्टम निर्माणलाई आफ्नो प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे। उनले संगठनको गरिमा र मूल्य-मान्यतालाई उच्च स्तरमा कायम राख्दै उद्यमशीलतामार्फत समाज र राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्यका साथ काम गर्ने बताए।

एनवाईईएफ राष्ट्रिय शासी परिषदका अध्यक्ष सुदीप घिमिरे कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित थिए भने जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, एनवाईईएफ जनकपुर च्याप्टरका सल्लाहकार तथा तत्कालीन अध्यक्ष डा. सोनु कुमार, संस्थाका कानुनी सल्लाहकार अधिवक्ता सुदीप कोइराला तथा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका प्रतिनिधि प्रदीप दत्त विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए।

नेपाल युवा उद्यमी मञ्च नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत सन् २००३ मा स्थापना भएको युवा उद्यमीहरूको साझा संस्था हो। १८ देखि ४० वर्ष उमेर समूहका उद्यमीहरू आबद्ध रहने यस संस्थाले नेपालमा उद्यमशीलता तथा स्टार्टअप संस्कृतिको प्रवर्द्धन, नवप्रवर्तनमा आधारित व्यवसायको विकास, युवा उद्यमीहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलतामार्फत समाज र राष्ट्रको समग्र आर्थिक समृद्धिका लागि निरन्तर काम गर्दै आएका छन्।

# विद्यालयमा महिला-पुरुष शौचालय हस्तान्तरण

**टुडे समाचारदाता**

रौतहट । नेपाली सेनाले नागरिक-सैनिक सम्बन्धलाई थप सुदृढ बनाउने अभियानअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिकास्थित एक विद्यालयलाई महिला तथा पुरुष शौचालय हस्तान्तरण गरेको छ।



श्री नारायणदल गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र रहेको चन्द्रपुर नगरपालिका-२ जुडिवेलास्थित श्री आधारभूत विद्यालय, असनवामा अध्ययनरत विद्यार्थीहरूको सहजता, सरसफाइ र स्वास्थ्यलाई मध्यनजर गर्दै निर्माण गरेको शौचालय शुक्रबार आयोजित कार्यक्रममा औपचारिक रूपमा उद्घाटन तथा हस्तान्तरण गरिएको हो।

गत चैत २२ गतेदेखि निर्माण सुरु गरिएको शौचालयको उद्घाटन मध्य पूर्वी पृतनाका पृतनापति उपरथी भुवन खत्रीले गरेका थिए। उद्घाटनपछि उक्त संरचना चन्द्रपुर नगरपालिकाकी उपप्रमुख जयमाला चौधरी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय कुमार चौधरीलाई हस्तान्तरण गरिएको श्री नारायणदल गणका गणपति कर्णेल विश्वास विष्टले जानकारी दिएका छन्।

कार्यक्रममा उपप्रमुख चौधरीले आयोजना सफलतापूर्वक सम्पन्न गराएको भन्दै पृतनापति उपरथी खत्री, श्री नं. २८ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी मिलन तुलाचन तथा श्री नारायणदल गणका गणपति कर्णेल विश्वास विष्टलाई कदरपत्र प्रदान गर्दै आभार व्यक्त गरिन्।

उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल, श्री नं. २८ बाहिनी अड्डाका बाहिनीपति, वडा नं. २ र ७ का अध्यक्ष, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, समाजसेवी, अभिभावक, शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

सो अवसरमा वक्ताहरूले विद्यालयमा आधारभूत पूर्वाधार विस्तारले विद्यार्थीहरूको अध्ययन वातावरण सुधार्नुका साथै नागरिक र नेपाली सेनाबीचको सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेका थिए।

नेपाली सेनाले स्थानीय आवश्यकतालाई प्राथमिकतामा राख्दै प्रत्येक वर्ष शीघ्र प्रभावी आयोजना (त्तगष्अप क्ष्उबअत एचयवभअतक-त्तक्ष्एक) मार्फत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामुदायिक पूर्वाधार विकासका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस्ता आयोजनाले स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउँदै सेना र नागरिकबीचको विश्वास तथा सहकार्यलाई अझ मजबुत बनाउने अपेक्षा गरिएको छ।

कार्यक्रमको समापनमा पृतनापति उपरथी भुवन खत्रीले आयोजना सफल बनाउन सहयोग गर्ने स्थानीय जनप्रतिनिधि, विद्यालय परिवार, व्यवस्थापन समिति, स्थानीय समुदाय, सञ्चारकर्मी तथा नेपाली सेनाका सम्पूर्ण सकलदर्जाप्रति धन्यवाद व्यक्त गरेका थिए।

## राष्ट्रियसभाः

# बाढीपहिरोले अवरुद्ध राजमार्ग तत्काल सञ्चालनमा ल्याउन माग



काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकको शून्य समयमा सांसदहरूले मनसुनका कारण बाढीपहिरोबाट अवरुद्ध भएका राजमार्ग र सडक यथाशीघ्र सञ्चालनमा ल्याउन सरकारसँग माग गर्नुभएको छ। उहाँहरुले मुलुकका विभिन्न राजमार्ग तथा सडक बाढीपहिरोका कारण अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको भन्दै तत्काल मर्मतसम्भार गरी यातायात सहज बनाउन आग्रह गर्नुभयो।

सांसद गोमादेवी तिमिल्सिनाले वर्षायाममा नागरिक जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको उल्लेख गर्दै मुख्य राजमार्गका अवरोध तत्काल हटाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले मुग्लिन-नारायणगढ-काठमाडौं, डोटी र बैतडी क्षेत्रमा भइरहेका सडक दुर्घटनाप्रति सरकार गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो।

सांसद दुर्गा गुरुङले मनसुन सुरु भएसँगै कर्णालीका विभिन्न जिल्लाका सडक बाढीपहिरोले अवरुद्ध हुँदा बिरामीलाई अस्पताल पुऱ्याउनसमेत कठिनाइ हुने गरेको गर्नुभयो। उहाँले बर्सेनि दोहोरिने सडक अवरोधको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो।

सांसद नरबहादुर विष्टले सुर्खेत-कालीकोट रुटमा सञ्चालन भइरहेको सार्वजनिक यातायात दैलेखमा हराएको घटनाको आवश्यक छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो। सांसद नारायणदत्त मिश्रले सरकारले रासायनिक मल डिएपी महँगो मूल्यमा खरिद गरेको हो कि ? भन्ने प्रश्न उठाउँदै नेपाल र भारतबीच खरिद मूल्यमा देखिएको अन्तरबारे छानबिन हुनुपर्ने माग गर्नुभयो।

सांसद युवराज शर्माले काठमाडौं उपत्यकामा मेलम्चीको खानेपानी वितरण अवरुद्ध भएकाले नियमित खानेपानी आपूर्तिको व्यवस्था गर्न सरकार अग्रसर हुनुपर्ने धारणा राख्नुभयो। सांसद सुरेशकुमार आले मगरले सरकारले सांसदहरूले उठाएका प्रश्नको जवाफ नदिएको भन्दै आजको बैठकमा आफूले कुनै जिज्ञासा नराखेको बताउनुभयो। रासस

## सरकारका १०० दिनः

# जेनजी आन्दोलनका घाइते र सहिद परिवारलाई एकीकृत राहत प्याकेज

काठमाण्डु । सरकारले जेनजी आन्दोलनका घाइते तथा सहिद परिवारको राहत, औषधोपचार, रोजगारीलगायत विषय समेटेर एकीकृत प्याकेज घोषणा गरेको जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र साहको नेतृत्वमा गठित सरकारले १०० दिनमा सम्पादन गरेका प्रमुख उपलब्धि सम्बन्धमा सरकारका प्रवक्ता सस्मित पोखरेलले जारी गर्नुभएको विवरणमा जेनजीहरूको विषयमा सम्पर्क बिन्दु तथा कल्याणकारी कार्य गर्न जेनजी कल्याणकारी परिषद् गठनसम्बन्धी कार्यविधि तयार गरिएको उल्लेख छ।

यसअवधिमा ५१३ जना जेनजी घाइतेलाई वर्गीकरणका आधारमा अतिगम्भीरलाई मासिक रु १८ हजार, गम्भीरलाई मासिक रु नौ हजार र मध्यमलाई मासिक रु चार हजारका दरले प्रदान गरिँदै आएको भत्तालाई निरन्तरता दिइएको छ।

हाल व्यक्ति बसोबास गरिरहेको स्थानीय तहबाट नै घटना दर्ता गर्न सकिने गरी प्रणाली अद्यावधिक गर्ने कार्य भइरहेको, आमाको नागरिकताबाट प्राप्त नागरिकताको हकमा समेत राष्ट्रिय परिचयपत्र जारी गर्न सकिने व्यवस्था मिलाइएको र दोहोरो नागरिकताको हकमा जिल्ला प्रशासन कार्यालयबाट नै राष्ट्रिय परिचयपत्र अद्यावधिक गर्न सकिने गरी सेवा सञ्चालन गरिएको विवरणमा उल्लेख छ।

यसैगरी, अध्यागमन विभागले विद्युतीय टाइम कार्डमार्फत् सेवा प्रवाहको अनलाइन ट्र्याकिङ शुरुआत गरिएको, विपद्‌बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई विपद् खोज उद्धार सामग्री खरिद गर्न रु नौ करोड दुई लाख ३० हजार बजेट व्यवस्थापन गरिएको छ।

राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणमा विपद् कमान्ड पोष्ट/सिचुएसन रूम स्थापना र सञ्चालन भएको, निजी क्षेत्रसँग निरन्तर छलफल गरी विपद् प्रतिकार्यमा पूर्वसमझदारीअनुसार सहयोग गर्न ती संस्थाबाट प्रतिबद्धता प्राप्त भएको, विपद् पोर्टलमा देशैभरका हेलिप्याडको भौगोलिक नक्शाङ्कनसहित तथ्याङ्क अद्यावधिक गरिएको उल्लेख छ।

भूकम्प पुनर्निर्माणको सहजीकरणका लागि नमुना घरका नक्साहरू स्वीकृत गरी कार्यान्वयन ल्याइएको, प्रदेश र विभिन्न स्थानीय तहबाट प्राप्त निवेदनको आधारमा १५० जोखिमयुक्त बस्ति तथा संरचनामा पहिरोसम्बन्धी प्रारम्भिक तथा विस्तृत अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन सिफारिस गरी पठाइएको विवरणमा जनाइएको छ।



यस अवधिमा गृह मन्त्रालयबाट लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०८३, उत्कृष्ट उपचार तथा पुनःस्थापना केन्द्र पुरस्कृत गर्न छनोट गर्नेसम्बन्धी कार्यविधि, २०८३ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सदाचारिता अनुगमन मापदण्ड, २०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

यस्तै कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३, खोज उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८२, अत्यधिक गर्मी वा तातो हावाको लहर (लु) र खडेरीका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजना, २०८३, मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३, पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३, विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान (दोस्रो संशोधन) कार्यविधि, २०८३ जारी भएका छन्।

जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा मुआब्जा पुनरावलोकनसम्बन्धी कार्यलाई छिटो छरितो रूपमा सम्पन्न गर्न 'फास्ट ट्र्याक मेकानिजम' को खाका तयार गरी कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको छ।

नयाँ स्थापना भएका सात वटा इलाका प्रशासन कार्यालयमा मन्त्रालय र मातहत सञ्चालनमा रहेको सूचना प्रविधि सञ्जाल विस्तार गरी नागरिकता सूचना व्यवस्थापन प्रणाली लागू गरी विद्युतीय प्रणालीबाट नागरिकता सेवा सञ्चालनको प्रबन्ध मिलाइएको छ।

भ्रष्टाचारसम्बन्धी कसूरमा सर्वोच्च अदालतबाट अन्तिम फैसला भई जफत हुने ठहर भएका जग्गामध्ये १-६-१-१ रोपनी (७०९.४२ वर्ग मिटर) क्षेत्रफल जग्गा गत वैशाख ३ गते कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा कायम भएको छ।

गृह मन्त्रालयअन्तर्गत सुशासन प्रवर्द्धनका लागि विभिन्न माध्यमबाट जनताको गुनासो प्राप्त गर्ने उद्देश्यले 'हेलो गृह कल सेन्टर' सञ्चालनमा ल्याइएको छ। नेपाल प्रहरीमा २४ सै घण्टा गुनासो सुन्ने तथा समाधान गर्न (चौबिसै घण्टा/सातै दिन गुनासो सुन्ने) कक्षको स्थापना भई हट लाइन नं १११३ सञ्चालनमा ल्याइएको छ।

विद्यालयमा अध्ययनरत विद्यार्थीमा देशप्रेम, जनसेवा र राष्ट्रिय एकताको भावना जगाई नैतिकवान र अनुशासित बनाउनका लागि तालिम दिई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा आवश्यकतानुसार खटाउन सक्ने गरी विद्यमान राष्ट्रिय सेवा दल, २०२७ लाई प्रतिस्थापन गरी राष्ट्रिय सेवा दल विधेयक, २०८३ सङ्घीय संसद्मा पेस गरिएको छ।

नेपाली सेनाको भर्ना, छनोट, तालिम,अध्ययन, बढुवालाई थप व्यवस्थित गर्न, विगतको द्वन्द्वमा कर्तव्य पालनाको सिलसिलामा घाइते, अङ्गभङ्ग, घाउ चोटपटकको मूल्याङ्कन गरी निश्चित सेवा सुविधा पाउने तथा शान्ति सेनमा खटिएको अवस्थामा आकस्मिक दुर्घटनामा परी वीरगति प्राप्त गरेका वा अङ्गभङ्ग भई सैनिक सेवामा काम गर्न अशक्त भएमा थप सुविधासहितको व्यवस्था गरी सैनिक सेवा (छैठौं संशोधन) नियमावली, २०८३ स्वीकृत गरिएको विवरणमा उल्लेख छ। रासस

# मधेश प्रदेशमा धानको रोपाई सुस्तगतिमा



**टुडे समाचारदाता**

जनकपुरधाम । पर्याप्त वर्षा नहुनु, सिँचाइको सीमित पहुँच तथा मौसमको अनिश्चितताका कारण यस वर्ष मधेश प्रदेशमा धान रोपाइँ अपेक्षाकृत सुस्त देखिएको छ। असार महिनाको तेस्रो सातासम्म प्रदेशको कुल धान खेती हुने क्षेत्रफलमध्ये करिब १४.७३ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको तथ्यांक सार्वजनिक भएको छ।

कृषि विकास निर्देशनालय, मधेश प्रदेशले असार १९ गतेसम्मको विवरण सार्वजनिक गर्दै आठ जिल्लामा गरी ५९ हजार ८९५.०६ हेक्टर क्षेत्रफलमा धान रोपिएको जनाएको छ। प्रदेशमा वार्षिक रूपमा करिब ३ लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने भए पनि हालसम्मको प्रगति सन्तोषजनक नरहेको निर्देशनालयको भनाइ छ।

निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माका अनुसार धान रोपाइँको प्रगतिमा सिरहा सबैभन्दा अगाडि रहेको छ। जिल्लाको कुल ५४ हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये २५ प्रतिशत अर्थात करिब १३ हजार ५ सय हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ।

सप्तरी दोस्रो स्थानमा रहेको छ। त्यहाँ ६८ हजार हेक्टरमध्ये १६ हजार ३२० हेक्टर अर्थात २४ प्रतिशत क्षेत्रमा धान रोपिएको छ। धनुषामा ४३ हजार ७ सय हेक्टर खेतीयोग्य क्षेत्रमध्ये करिब १५ प्रतिशत अर्थात ६ हजार ५५५ हेक्टरमा मात्रै रोपाइँ सम्पन्न भएको छ।

अन्य जिल्लामध्ये बारामा ४५ हजार १ सय हेक्टरमध्ये ५ हजार ८६३ हेक्टर (१३ प्रतिशत), महोत्तरीमा ४० हजार हेक्टरमध्ये ४ हजार ९४८ हेक्टर (१२.३७ प्रतिशत) तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ६ हजार ४७२.५६ हेक्टर (१२ प्रतिशत) क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ।

रौतहटमा भने धान रोपाइँको अवस्था अझै कमजोर देखिएको छ। त्यहाँ ३८ हजार ५ सय हेक्टर क्षेत्रफलमध्ये ३ हजार २७२.५६ हेक्टर अर्थात ८.५ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ भएको छ। सबैभन्दा कम प्रगति सर्लाहीमा देखिएको छ, जहाँ ४२ हजार ६९५ हेक्टर खेतीयोग्य क्षेत्रमध्ये ३ हजार ४१५ हेक्टर अर्थात ८ प्रतिशत क्षेत्रमा मात्रै धान रोपिएको छ।

निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल ५ लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ, जसमध्ये धान खेतीको हिस्सा सबैभन्दा ठूलो छ। प्रदेशको खाद्य उत्पादन र ग्रामीण अर्थतन्त्रमा धान खेतीको महत्वपूर्ण योगदान रहेकाले रोपाइँमा भएको ढिलाइले उत्पादनमा असर पर्ने चिन्ता बढेको छ।

कृषि क्षेत्रका विज्ञहरूले आगामी केही दिनभित्र पर्याप्त वर्षा भए रोपाइँले गति लिने विश्वास व्यक्त गरेका छन्। तर मनसुन सक्रिय हुन ढिलाइ भए उत्पादन घट्ने, किसानको लागत बढ्ने तथा खाद्य सुरक्षामा समेत नकारात्मक प्रभाव पर्ने उनीहरूको चेतावनी छ।

कृषि विकास निर्देशनालयले उपलब्ध सिँचाइ सुविधा अधिकतम प्रयोग गर्दै रोपाइँलाई तीव्र बनाउन किसानसँग आग्रह गरेको छ। साथै स्थानीय तह, कृषि ज्ञान केन्द्र तथा सम्बन्धित निकायसँग समन्वय गरेर बीउ, मल र प्राविधिक सेवाको सहज उपलब्धता सुनिश्चित गर्न निर्देशन दिइएको जनाएको छ।

# कानूनी सचेतनाको आभाव : मुख्यमन्त्री यादव

**मुख्यमन्त्री यादवले कारागारमा रहेका सबै व्यक्तिलाई एउटै दृष्टिले हेर्न नहुने पनि उल्लेख गरे । कतिपय व्यक्ति प्रमाण र कानूनी प्रक्रियाका कारण जेल जीवन बिताइरहेको अवस्था रहेको भन्दै न्याय सम्पादनका क्रममा तथ्य, प्रमाण र मानवीय संवेदनशीलतालाई सन्तुलित रूपमा हेर्नुपर्ने आवश्यकता औंल्याए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले नागरिकमा कानूनी सचेतनाको अभाव रहँदा अदालतहरूमा मुद्दाको संख्या निरन्तर बढ्दै गएको धारणा व्यक्त गरेका छन् ।




मधेस प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित ‘समसामयिक तथा संवैधानिक कानुनी सवाल’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले कानूनको पर्याप्त जानकारी नहुँदा धेरै नागरिकले अनजानमै कानूनी उल्लंघन गर्ने अवस्था रहेको बताए।

उनले नेपालमा कानूनी शिक्षा र जनचेतना अझै अपेक्षित स्तरमा नपुगेको उल्लेख गर्दै सामान्य प्रकृतिका घटनामा कानूनी प्रक्रिया अघि बढाउँदा व्यवहारिक पक्षलाई पनि उत्तिकै महत्त्व दिनुपर्ने धारणा राखे।

गम्भीर प्रकृतिका अपराधमा कुनै सम्झौता हुन नसक्ने स्पष्ट पार्दै उनले सामान्य गल्ती र आपराधिक मनसायबीच फरक दृष्टिकोण अपनाउन आवश्यक रहेको बताए।

मुख्यमन्त्री यादवले कारागारमा रहेका सबै व्यक्तिलाई एउटै दृष्टिले हेर्न नहुने पनि उल्लेख गरे। कतिपय व्यक्ति प्रमाण र कानूनी प्रक्रियाका कारण जेल जीवन बिताइरहेको अवस्था रहेको भन्दै न्याय सम्पादनका क्रममा तथ्य, प्रमाण र मानवीय संवेदनशीलतालाई सन्तुलित रूपमा हेर्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले न्याय प्रणाली समयको मागअनुसार परिमार्जित हुनुपर्नेमा जोड दिए। समाज, संविधान र राज्य व्यवस्थामा आउने परिवर्तनसँगै कानून तथा न्यायिक प्रणालीलाई पनि समयानुकूल बनाउँदै लैजानुपर्ने उनले भने।

मन्त्री महतोले मधेस प्रदेश बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय विशेषता बोकेको प्रदेश भएकाले सबै समुदायको सहज पहुँच सुनिश्चित गर्ने गरी न्याय प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। मुख्य न्यायाधिवक्ता सुनिल रञ्जन सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरू, कानूनी क्षेत्रका सरोकारवाला तथा सरकारी अधिकारीहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा संवैधानिक तथा समसामयिक कानूनी विषयमा विचार आदान-प्रदान गर्दै न्याय प्रणालीलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउने विषयमा छलफल गरिएको थियो।

## अभियानको क्रममा २० पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा सञ्चालन गरिएको लागुऔषध नियन्त्रण विशेष अभियान अन्तर्गत २० दिनको अवधिमा ५८ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयले शनिबार सार्वजनिक गरेको विवरण अनुसार असार १ गतेदेखि २० गतेसम्म सञ्चालन गरिएको अभियानका क्रममा लागुऔषध कारोबार तथा ओसारपसारमा संलग्न रहेको आरोपमा उनीहरू पक्राउ परेका हुन्।

तथ्यांक अनुसार सप्तरीबाट ३, सिरहाबाट १५, धनुषाबाट १०, महोत्तरीबाट ९, सर्लाहीबाट ३, रौतहटबाट २, बाराबाट ५ तथा पर्साबाट ११ जना पक्राउ परेका छन्। प्रहरीका अनुसार पक्राउ परेका व्यक्तिहरूको साथबाट ठूलो परिमाणमा गाँजा, ब्राउन सुगर (खैरो हिरोइन) तथा विभिन्न प्रकारका लागुऔषधजन्य ट्याब्लेट बरामद गरिएको छ।

बरामद भएका लागुऔषधको परिमाण तथा प्रकृतिबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सबै व्यक्तिविरुद्ध लागुऔषध सम्बन्धी कसुरअन्तर्गत कानुनी प्रक्रिया अघि बढाइएको छ।

साथै, लागुऔषधको अवैध कारोबार, ओसारपसार र दुरुपयोग नियन्त्रणका लागि प्रदेशभर सञ्चालन भइरहेको विशेष अभियानलाई आगामी दिनमा थप प्रभावकारी र सशक्त बनाइने मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

# एकदिनमा २१ फरार प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

रौतहट । फरार प्रतिवादी पक्राउ गर्ने विशेष अभियान अन्तर्गत जिल्ला प्रहरी कार्यालय रौतहटले एकै दिन २१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला अदालत गौरबाट विभिन्न मुद्दामा दोषी ठहर भई कैद तथा जरिवानाको फैसला सुनाइएपछि लामो समयदेखि फरार रहेका प्रतिवादीहरूलाई शुक्रबार जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमका अनुसार पक्राउ परेकामध्ये अधिकांश चेक अनादर मुद्दाका प्रतिवादी रहेका छन्।

उनीहरूमध्ये देवेन्द्र राजत बरै, राजकिशोर साह, सुशील पटेल, रामनाथ सहनी, रोकेश पटेल, दिपेन्द्र प्रसाद पटेल, रामबाबु प्रसाद पटेल, शिवनाथ प्रसाद जयसवाल, धर्मेन्द्र कुमार दास, कमेश्वर प्रसाद महतो, अमामुलदिन, बिजेश पटेल, मनोज कुमार राजत, पुनित प्रसाद यादव, जयराम मुखिया, विन्देश्वर प्रसाद पटेल र कृष्ण लामा रहेका छन्।

यस्तै, किर्ते नागरिकता सम्बन्धी मुद्दामा रुपेश राय, प्रमुनन्दन प्रसाद यादव र रञ्जिता कुमारी यादव पक्राउ परेका छन् भने सवारी अंगभंग मुद्दाका प्रतिवादी प्रमोद कुमार चौधरीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीले पक्राउ परेका सबै २१ जनालाई कैद भुक्तान तथा फैसला कार्यान्वयनका लागि जिल्ला अदालत गौरमा उपस्थित गराइसकेको जनाएको छ। फरार प्रतिवादी पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# सामाजिक सञ्जालमा भिडियो भाइरल : बालिकाले गरिन् आत्महत्या

**टुडे समाचारदाता**

बारा । बाराको कलैया उपमहानगरपालिका-२१, भौडाहमा एक १३ वर्षीया बालिकाले सामाजिक सञ्जालमा भिडियो भाइरल भएको मानसिक तनाव झेल्न नसकी आत्महत्या गरेको घटना बाहिरिएको छ।

गाउँकै केही युवाहरूको समूहले चरित्रमाथि कुरा उठाउँदै गाली गलौज, धाकधम्की सहित दुर्व्यवहार र कुटपिट घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल गरेको थियो। प्रहरीका अनुसार ती कुराको भिडियो सामाजिक सञ्जालमा भाइरल गरिदिएपछि ती बालिकाले मानसिक तनाव झेल्न नसकी आत्महत्या गरेको जनाएको छ।

प्रहरीका अनुसार गत असार १५ गते भौडाहस्थित चौरको एक खेतमा ती बालिका एक युवासँग बसिरहेको अवस्थामा गाउँका केही केटाहरूको समूहले फेला पारेका थिए। सो समूहले बालिकालाई नियन्त्रणमा लिई गालीगलौज, हातपात र गम्भीर दुर्व्यवहार गरेका थिए।



बालिकाको चरित्र हत्या गर्ने उद्देश्यले गाउँभरि गलत हल्ला फैलाउनुका साथै दुर्व्यवहार गरिरहेको भिडियो केही युवकहरुले खिचेका थिए। उक्त भिडियोलाई सामाजिक सञ्जालमा भाइरल बनाएपछि सो अपमान सहन नसकी घटनाको भोलिपल्ट, अर्थात् असार १६ गते १३ वर्षीया बालिका सरिया खातुनले आफ्नै घरमा झुण्डिएर आत्महत्या गरेको उनका परिवारजनको आरोप छ।

घटना सार्वजनिक भएपछि मृतक बालिकाका परिवारजनले दोषीहरूविरुद्ध कडा कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय सिमरामा जाहेरी दर्ता गराउँदै दोषीमाथि कडा कारवाहीको माग गरेका छन्। बालिकालाई अमानवीय दुर्व्यवहार गरी आत्महत्या गर्न बाध्य पारेको भन्दै परिवारले न्यायको अपील गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी इन्सपेक्टर बलराम श्रेष्ठले घटना बारे पुष्टि गर्दै घटनामा संलग्न ७ जनाविरुद्ध ‘आत्महत्या दुरुत्साहन र जबरदस्तीकरणी उद्योग’ को मुद्दा दायर गरी कानुनी प्रक्रिया अगाडि बढाइएको छ।

“बालिकालाई दुर्व्यवहार र कुटपिट गरी आत्महत्याको स्थितिसम्म पुऱ्याएको आरोपमा ७ जनाविरुद्ध मुद्दा दर्ता भएको छ । तीमध्ये एक जना आरोपीलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ भने फरार रहेका अन्य अभियुक्तहरूको तीव्र खोजी भइरहेको छ।“ उनले भने।

सामाजिक सञ्जालमा फैलाइएको उक्त भिडियोमा गाउँका केही युवाहरूले ती नाबालिकालाई घेरेर गालीगलौज गरिरहेको, डर-धम्की देखाएको र कुटपिट गर्दै अभद्र व्यवहार गरिरहेको प्रष्ट देखिन्छ। प्रहरीले उक्त भिडियोलाई पनि अनुसन्धानको मुख्य प्रमाणका रूपमा लिएको छ।

# जनकपुरधाममा मैथिली विषयको पाठ्यक्रम लागू

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी शैक्षिक सत्रदेखि जनकपुरधाम उपमहानगरपालिकाले कक्षा १ देखि ८ सम्मका सामुदायिक तथा संस्थागत विद्यालयमा मैथिली भाषामार्फत स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा लागू गर्ने भएको छ।



स्थानीय इतिहास, भाषा, कला, संस्कृति तथा मौलिक पहिचानलाई विद्यालय शिक्षासँग जोड्ने उद्देश्यले तयार गरिएको पाठ्यक्रम कार्यान्वयनको अन्तिम तयारी पूरा भएको उपमहानगरपालिकाले जनाएको छ।

नगरप्रमुख मनोजकुमार साहलाई पाठ्यक्रमका लेखक डा. हेमप्रसाद साहले स्थानीय पाठ्यक्रम औपचारिक रूपमा हस्तान्तरण गरेका हुन्। पाठ्यक्रम ग्रहण गर्दै नगरप्रमुख साहले जनकपुरधामभित्रका सबै सामुदायिक तथा निजी विद्यालयमा कक्षा १ देखि ८ सम्म उक्त पाठ्यक्रम मैथिली माध्यमबाट अनिवार्य रूपमा अध्यापन गराइने जानकारी दिए।

उनले स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नो भाषा, संस्कृति, इतिहास, धार्मिक तथा सांस्कृतिक सम्पदाबारे व्यावहारिक र तथ्यमा आधारित ज्ञान प्रदान गर्ने विश्वास व्यक्त गरे। यसबाट बालबालिकामा आफ्नो पहिचानप्रति गौरव, जिम्मेवारी र अपनत्वको भावना विकास हुने उनको भनाइ थियो। तयार गरिएको पाठ्यक्रममा जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, स्थानीय भाषा, साहित्य, कला, चाडपर्व, सामाजिक मूल्य मान्यता, प्राकृतिक सम्पदा तथा स्थानीय जीवनशैलीसँग सम्बन्धित विषयवस्तु समेटिएका छन्।

यसले स्थानीय ज्ञान, सीप र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास गरिएको छ। स्थानीय पाठ्यक्रम मस्यौदा तथा लेखन समितिको संयोजक अञ्जु पाण्डेको नेतृत्वमा तयार भएको उक्त पाठ्यक्रम निर्माणमा श्यामसुन्दर शशि, सुनिल मल्लिक र विनिता ठाकुरले विज्ञका रूपमा योगदान दिएका थिए।

उपमहानगरपालिकाका अनुसार स्थानीय सरकार सञ्चालन ऐन तथा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को व्यवस्थाअनुसार स्थानीय आवश्यकता, भाषा, संस्कृति र पहिचानलाई केन्द्रमा राखेर पाठ्यक्रम तयार गरिएको हो।

स्थानीय पाठ्यक्रमको कार्यान्वयनसँगै जनकपुरधामको मौलिक इतिहास, भाषा र सांस्कृतिक सम्पदाको संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास मेयर साहको रहेको छ।

# भन्सार छलीको ११ लाख बढीको सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । भन्सार छली गरी नेपाल भित्र्याइँदै तथा भारततर्फ अवैध रूपमा लैजाँदै गरिएका करिब ११ लाख १० हजार रुपैयाँभन्दा बढी मूल्यका सामान सिरहाको विभिन्न सीमावर्ती नाकाबाट सशस्त्र प्रहरीले बरामद गरेको छ।

नम्बर ७ गण हेडक्वार्टर सिरहाले जिल्लाका विभिन्न सीमा क्षेत्रमा सञ्चालन गरेको नियमित गस्ती तथा विशेष निगरानीका क्रममा मोटरसाइकल, किराना सामग्री र मदिरासहित अनुमानित ११ लाख १० हजार ४२५ रुपैयाँ बराबरका अवैध सामान नियन्त्रणमा लिएको जनाइएको छ। सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार बरामद गरिएका सबै सामग्री आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको छ। सीमावर्ती क्षेत्रमा हुने भन्सार छलि, चोरीपैठारी तथा अवैध ओसारपसार नियन्त्रणका लागि सुरक्षा निगरानी थप प्रभावकारी बनाइएको उनले बताए।



यस्ता गतिविधि रोक्न नियमित गस्ती र सूचनाको आधारमा निगरानीलाई अझ सुदृढ बनाइएको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रणका लागि स्थानीयवासीसँग समेत समन्वय बढाउँदै निगरानीलाई निरन्तरता दिने जनाएको छ।

# राम मन्दिरको सरसफाई

**टुडे समाचारदाता**

जनकपुरधाम । लायन्स क्लब अफ जनकपुरधामले जनकपुरधामस्थित ऐतिहासिक राम मन्दिर परिसरमा सरसफाइ गरेको छ। आफ्नो स्वर्ण जयन्तीको अवसरमा धार्मिक तथा सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै लायन्स क्लब जनकपुरधामले सो सरसफाई गरेका हुन्।



५० मानवता सेवाको स्वर्णिम वर्ष भन्ने मूल नारासहित सञ्चालन भइरहेको स्वर्ण जयन्ती वर्षअन्तर्गत क्लबले शनिबार मन्दिर परिसरको सरसफाइ गरी स्वच्छ, सफा र व्यवस्थित धार्मिक वातावरण निर्माणमा योगदान पुऱ्याएको जनाएको छ।

कार्यक्रममा क्लबका पदाधिकारी, सदस्य तथा सामाजिक अभियन्ताहरूको सहभागिता रहेको थियो। सहभागीहरूले मन्दिर परिसरमा जम्मा भएका फोहोर संकलन गर्नुका साथै धार्मिक सम्पदाको संरक्षण र सरसफाइप्रति आम नागरिकलाई सचेत बन्न आग्रह गरेका थिए।

क्लबका पदाधिकारीहरूले सामाजिक सेवासँगै धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा पनि आफ्नो प्रतिबद्धता रहेको उल्लेख गर्दै आगामी दिनमा यस्ता जनहितका कार्यक्रमलाई अझ प्रभावकारी रूपमा निरन्तरता दिइने बताए।

लायन्स क्लब अफ जनकपुरधामले स्वर्ण जयन्ती वर्षभर स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण तथा सामाजिक सेवासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८